# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

**विषयः बुढी खोलाबाट खोलाजन्य पदार्थ संकलन तथा बिक्री गर्न ठेक्का आव्हानको ३० दिने सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१।०४।२५

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ६२(क), इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा २०, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही इटहरी उपमहानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने आवादी क्षेत्र भएर बग्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि तपसिलको सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ. कर समेत) | धरौटी रकम | अवधी |
|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/1R/2081/2082 (राजस्व) | बुढी खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | २८,५०३.४० (खोलाहरुको नाका संख्या ५ (पाँच) | ७२,८४,२३४.१५। | कबोल अंकको ५% (प्रतिशत) | चलन पुर्जी पाएको भोलीपल्ट देखि २०८२ जेष्ठ मसान्तसम्म |

शर्तहरुः

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०७९।०८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३०००००१००१००००००१ मा रु ३०००। नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र दस्तुर बापतको रकम जम्मा गरेको बैङ्क भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००००३०००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- खरिद गरेको बोलपत्र फाराममा फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।

- ➢ बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा जारी भए वमोजिम हुनेछ ।
- ➢ नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ । आबादी क्षेत्रबाहेक बाट ढुङ्गा,गिट्टी, बालुवा तथा भरौट उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

| क्र.श. | उत्खनन् क्षेत्र | जम्मा परिमाण (घ.मि.) | खोलाजन्य पदार्थहरुको परिमाण (घ.मि.) | | | |
|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा (Pebbles) | ग्राभेल | वालुवा | भरौट |
| १. | याक्थुङ्ग | १५,३६३.४० | ३०७२.६८ | ४६०९.०२ | ७६८१.७ | |
| २. | आदर्श टोल (त्रिवेणी) नाका | ६७०२.९९ | १३४१.५६ | २०१०.९ | ३३५१.४९५ | |
| ३. | सुनौलो टोल नाका | २८४९.१५ | ५६९.८३ | ५६९.८३ | १७०९.४९ | |
| ४. | अढाइ टोल नाका | १८७०.२९ | | ३७४.०६ | १४९६.२४ | |
| ५. | अमझोखी नाका | १७१७.५७ | | | १२०२.३ | ५१५.२७१ |
| | | २८५०३.४० | ४९८४.०६९ | ७,५६३.८१ | १५,४४०.२५ | ५१५.२७१ |

- ➢ बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- ➢ स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।
- ➢ तोकिएको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ ।
- ➢ ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- ➢ बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको संकलन तथा बिक्री गर्दा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र गर्नुपर्नेछ ।
- ➢ खोलाजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री गर्ने अवधी चलन पुर्जी पाएको भोलीपल्ट देखि देखि २०८२ जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिनेछ ।
- ➢ बुढी खोलाबाट नदीजन्य पदार्थको विक्री करको दर कोशी प्रदेशको आर्थिक ऐन, २०८१ वमोजिम हुनेछ ।
- ➢ इटहरी उपमहानगरपालिकालाई नदिजन्य पदार्थ आवश्यक परेमा तोकिएको दररेटमा नै ठेकेदार पक्षसँग खरिद गर्न सक्नेछ ।
- ➢ ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- ➢ यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
- ➢ विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।